सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजत प्राप्त संस्था)

मितिः २०७८।०६।२५

च.नं. ३६२

श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड
सिंहदरवार प्लाजा, काठमाडौं ।

**विषयः वार्षिक साधारण सभा तथा शेयर दर्ता किताव वन्द सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस डेभलपमेन्ट बैंकको मिति २०७८।०६।२५ गते दिउँसो ०३:३० बजे सोमवार बसेको २७८ औं सञ्चालक समितिको बैठकबाट यस डेभलपमेन्ट बैंकको १७ औं वार्षिक साधारण सभा मिति २०७८।०७।१६ गते मंगलवार (तद्नुसार २ नोभेम्वर २०२१ मा) बस्ने भएको हुँदा साधारण सभा तथा लाभांश वितरण प्रयोजनको लागि मिति २०७८।०७।०५ गतेदेखि सधारण सभा हुने दिन मिति २०७८।०७।१६ गते सम्म शेयर दाखिल खारेज बन्द गर्ने निर्णय भएको व्यहोरा सहित निम्न विवरणहरु तहाँको जानकारीका लागि अनुरोध गर्दछु । साथै, यसै पत्र साथ मिति २०७८।०६।२६ गतेको अभियान दैनिकमा प्रकाशित गर्न लागिएको वार्षिक साधारण सभा सम्वन्धि सूचनाको मस्यौदा समेत पेश गरिएको व्यहोरा अनुरोध छ ।

**थप जानकारीहरुः**

**साधारण सभामा प्रस्तावित वोनस शेयर सम्वन्धि विवरणः** चुक्ता पूँजी रु २,७३,६९,७२,४२०/- को १० प्रतिशत अर्थात रकम रु.२७,३६,९७,२४२/- (अक्षेरुपी सत्ताइस करोड छत्तीस लाख सन्तानब्बे हजार दुई सय बयालीस मात्र) को बोनस शेयर

**साधारण सभामा प्रस्तावित नगद लाभांश सम्वन्धि विवरण (कर प्रयोजनार्थ):** चुक्ता पूँजी रु २,७३,६९,७२,४२०/- को ०.५२६३ प्रतिशतले हुन आउने रकम रु. १,४४,०५,११८/- (अक्षेरुपी एक करोड चवालीस लाख पाँच हजार एक सय अठार मात्र) नगद लाभांश

**वार्षिक साधारण सभा तथा लाभांश वितरण प्रयोजनका लागि शेयर दाखिल खारेज वन्द मिति (Book Close Date) :** शेयर दाखिल खारेज (शेयर दर्ता किताब) मिति २०७८/०७/०५ गते देखि मिति २०७८/०७/१६ गतेसम्म बन्द रहने छ ।

**वार्षिक सधारण सभा हुने मितिः** २०७८।०७।१६ मंगलवार (तद्नुसार २ नोभेम्बर २०२१)

सहयोगको लागि धन्यवाद ।

Shangri-la Development Bank Ltd. ★ Kathmandu, Nepal

सुधीर श्रेष्ठ
प्रमुख कार्यकारी अधिकृत

**बोधार्थ**

१. नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग, बालुवाटार, काठमाडौं ।
२. नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग, बालुवाटार, काठमाडौं ।
३. नेपाल धितोपत्र बोर्ड, धापाखेल, ललितपुर ।
४. सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड,पुतलिसडक, काठमाडौं ।
५. एनआइविएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाडौं ।

**सांग्रिला डेभलपमेन्ट बैंक लि.**
**Shangri-la Development Bank Ltd.**
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)

**केन्द्रीय कार्यालय :**
बालुवाटार, काठमाण्डौं,
फोन : ०१-४४२१८६१/६२/६३


# सत्रौ वार्षिक साधारण सभा बस्ने सम्बन्धी सूचना

आदरणीय शेयरधनी महानुभावहरु,

यस सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेडको सञ्चालक समितिको मिति २०७८/०६/२५ गते (तद्नुसार ११ अक्टोवर २०२१) सोमबारका दिन बसेको २७८औं बैठकको निर्णय अनुसार यस डेभलपमेन्ट बैंकको सत्रौं वार्षिक साधारण सभा देहायका विषयहरूमा छलफल गर्न निम्न मिति, स्थान र समयमा बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारी एवं उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ।

**सभा हुने मिति** : २०७८ साल कात्तिक १६ गते (तद्नुसार २ नोभेम्बर २०२१), मंगलवार
**स्थान** : लैनचौर ब्याङ्क्वेट, लैनचौर, काठमाडौं ।
**सभा सुरु हुने समय** : बिहान १०:०० बजे ।

**छलफलको विषयसूची :**

**क) साधारण प्रस्ताव :**

१) अध्यक्षज्यूको मन्तब्य सहित आर्थिक वर्ष २०७७/०७८ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने बारे ।

२) लेखापरीक्षकको प्रतिवेदन सहितको मिति २०७८ आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण तथा आर्थिक वर्ष २०७७/०७८ को नाफा नोक्सान हिसाब, अन्य विस्तृत विवरण, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन लगायत सम्पूर्ण वित्तीय विवरणहरू छलफल गरी पारित गर्ने बारे ।

३) आर्थिक वर्ष २०७८/०७९ को लागि डेभलपमेन्ट बैंकको लेखापरीक्षण कार्यको लागि लेखापरीक्षण समितिको सिफारिस बमोजिम लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा। (हाल वहालवाला लेखापरीक्षक श्री रन्जिव एण्ड एसोसियट्स, चार्टड एकाउण्टेन्ट्स पुनः नियुक्ति हुन योग्य हुनुहुन्छ।)

४) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम डेभलपमेन्ट बैंकको हाल कायम चुक्ता पूँजी २,७३,६९,७२,४२०/- को १० प्रतिशत बोनस शेयर वितरण गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित हुँदा सो बोनस शेयर तथा कर प्रयोजनका लागि प्रस्तावित नगद लाभांश समेत गरी कुल लाभांशमा लाग्ने कर भुक्तानी प्रयोजनका लागि डेभलपमेन्ट बैंकको चुक्ता पूँजीको ०.५२६३ प्रतिशतले हुन आउने रकम रु. १,४४,०५,११८/- (अक्षेरुपी एक करोड चवालीस लाख पाँच हजार एक सय अठार मात्र) नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

५) बाँकी अवधिको लागि गरिएको संचालकको नियुक्तिको अनुमोदन सम्बन्धमा ।

**ख) विशेष प्रस्ताव :**

१) हाल कायम अधिकृत पूँजी रु ३,००,००,००,०००/- (तीन अर्व) लाई वृद्धि गरी रु ५,००,००,००,०००/- (पाँच अर्व) कायम गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

२) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम चुक्ता पूँजी रु २,७३,६९,७२,४२०/- (अक्षेरुपी दुई अर्व त्रिहत्तर करोड उनान्सत्तरी लाख वहत्तर हजार चार सय बीस मात्र) को १० प्रतिशत अर्थात रकम रु. २७,३६,९७,२४२/- (अक्षेरुपी सत्ताईस करोड छत्तीस लाख सन्तानब्बे हजार दुई सय बयालीस मात्र) को बोनस शेयर जारी गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

३) डेभलपमेन्ट बैंकको हाल कायम जारी तथा चुक्ता पूँजी रु २,७३,६९,७२,४२०/- (अक्षेरुपी दुई अर्व त्रिहत्तर करोड उनान्सत्तरी लाख वहत्तर हजार चार सय बीस मात्र) रहेकोमा वोनस शेयर वितरण पश्चात जारी तथा चुक्ता पूँजी रु ३,०१,०६,६०,६६२/-(अक्षेरुपी तीन अर्ब एक करोड छ लाख साठी हजार छसय बैसठ्ठी मात्र) पुऱ्याउने प्रस्ताव पारित गर्ने ।

४) विशेष प्रस्ताव नं. (१), (२) र (३) पारित भए बमोजिम हुने गरी डेभलपमेन्ट बैंकको प्रवन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

५) यस सांग्रिला डेभलपमेन्ट बैंक र अन्य ईजाजतपत्र प्राप्त उपयुक्त बैंक तथा वित्तीय संस्था (हरु) एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेडले अन्य बैंक तथा वित्तीय संस्था (हरु) प्राप्ति गर्ने (Acquisition) सम्बन्धमा उपयुक्त बैंक तथा वित्तीय संस्था (हरु) खोजी गर्न, उपयुक्त लागेको बैंक तथा वित्तीय संस्थासँग मर्जर तथा एक्विजिसन सम्बन्धी सहमतिपत्र (Memorandum of Understanding) तयार गरी हस्ताक्षर गर्न, सम्पूर्ण चल अचल सम्पत्ति तथा दायित्व मूल्याङ्कन (Due Diligence Audit) गराउने, तथा गाभ्ने/गाभिने (Merger) वा प्राप्ति गर्ने (Acquisition) सम्बन्धमा नियमनकारी निकायहरुसँग सहमति लिने, गाभ्ने/गाभिने (Merger) वा प्राप्ति गर्ने सम्बन्धी कार्यको लागि प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्नुपर्ने भएमा सो समेत गर्ने लगायतका सम्पूर्ण प्रकृया अवलम्बन गरी एक आपसमा गाभ्ने/गाभिने (Merger) वा प्राप्ति गर्ने (Acquisition) सम्पूर्ण कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

६) डेभलपमेन्ट बैंकको प्रबन्धपत्र तथा नियमावलीमा भएका संशोधनको स्वीकृति लिने क्रममा नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड लगायतका नियमनकारी निकायबाट फेरबदल, परिमार्जन, थपघट तथा संशोधन गर्नको लागि निर्देशन प्राप्त भएमा सो कार्य गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

**(ग) विविध :**

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

## सत्रौ वार्षिक साधारण सभा सम्बन्धी जानकारी

१. सत्रौं वार्षिक साधारण सभा, सो सभामा पेश हुने १०.५२६३ प्रतिशत लाभांश प्रयोजनका लागि डेभलपमेन्ट बैंकको शेयर दाखिल खारेज (शेयर दर्ता किताब) मिति २०७८/०७/५ गते देखि मिति २०७८/०७/१६ गते सम्म बन्द रहने छ । शेयर दाखिल खारेज बन्द शुरु हुने मिति भन्दा अघिल्लो दिन अर्थात मिति २०७८/०७/०४ गते सम्म नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा कारोवार भई नियमानुसार कायम शेयर धनीहरुलाई साधारण सभामा भाग लिन तथा १०.५२६३ प्रतिशत लाभांश प्राप्त गर्नका लागि योग्य हुनेछन् ।

२. शेयरधनी महानुभावहरुलाई शेयरधनी लगतमा कायम रहेको ठेगानामा सञ्चालक समितिको प्रतिवेदन र लेखापरीक्षण प्रतिवेदन सहितको आर्थिक वर्ष ०७७/०७८ को वार्षिक प्रतिवेदन पुस्तिका पठाइनेछ । कुनै कारणवश शेयरधनीले समयमा वार्षिक प्रतिवेदन पुस्तिका प्राप्त गर्न नसकेमा यस डेभलपमेन्ट बैंकको केन्द्रीय कार्यालय बालुवाटार, काठमाडौं वा शेयर रजिष्ट्रार एनआइविएल एस क्यापिटल लिमिटेडबाट प्राप्त गर्न सक्नुहुनेछ । उक्त प्रतिवेदन डेभलपमेन्ट बैंकको वेवसाइट **www.shangrilabank.com** मा हेर्न र डाउनलोड गर्न समेत सकिनेछ ।

३. सभामा उपस्थित हुने सम्पूर्ण शेयरधनीहरुले शेयर प्रमाणपत्र वा डिम्याट खाताको विवरण र आफ्नो परिचय खुल्ने प्रमाण (जस्तै नागरिकता प्रमाणपत्र वा अन्य कुनै परिचयपत्र) अनिवार्य रुपमा साथमा लिई आउनुहुन अनुरोध छ। साथै डेभलपमेन्ट बैंकको सत्रौ वार्षिक साधारण सभामा शेयरधनी महानुभावहरुले जुम मिटिङ (Zoom Meeting) प्रविधि मार्फत समेत अवलोकन गर्न सकिने व्यवस्था मिलाईएको छ। यसको लागि डेभलपमेन्ट बैंकले शेयरधनी महानुभावहरुलाई शेयर रजिष्ट्रार मार्फत प्राप्त हुने अभिलेखमा उल्लेखित मोबाइल नम्बरमा मिटिङ आईडी र पासकोड सम्बन्धी जानकारी उपलब्ध गराइनेछ। हाल विश्वभर फैलिरहेको कोभिड १९ को महामारीलाई मध्यनजर गर्दै यथासक्य जुम मिटिङ (Zoom Meeting) प्रविधि मार्फत सहभागिता जनाउन प्रोत्साहन गरिनेछ। यसरी भएको उपस्थितीलाई सभा हलमा उपस्थित भए सरह मान्यता प्रदान गरिनेछ।

४. सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले प्रोक्सी फारम भरी सभा सुरु हुने भनी तोकिएको समय भन्दा कम्तिमा ४८ घण्टा अगावै कारोवार समय भित्र डेभलमपेन्ट बैंकको केन्द्रीय कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ। यसरी नियुक्त गरिएको प्रतिनिधि डेभलमपेन्ट बैंकको शेयरधनी हुनुपर्नेछ। त्यसरी प्रतिनिधि नियुक्त गरिसकेपछि उक्त प्रतिनिधि बदर गरी अर्को प्रतिनिधि मुकरर गरी सभा शुरु हुने भनी तोकिएको समय भन्दा कम्तिमा ४८ घण्टा अगावै डेभलपमेन्ट बैंकको केन्द्रीय कार्यालयमा कारोवार समय भित्र दर्ता गरेमा वा आफु स्वयं साधारण सभामा उपस्थित हुन आएमा त्यस्तो शेयरधनीले गरिदिएको अघिल्लो प्रोक्सी स्वतः बदर हुनेछ। कुनै शेयरधनीले एक भन्दा बढी शेयरधनीलाई प्रतिनिधि नियुक्त गरेको रहेछ भने निज स्वयंले अन्य बदर गरी एउटा कायम गरेको अवस्थामा बाहेक त्यस्ता सबै प्रतिनिधि पत्रहरु स्वतः बदर हुनेछ। प्रतिनिधि मुकरर गर्दा आफ्नो सम्पूर्ण शेयरको प्रतिनिधि एउटै व्यक्तिलाई नियुक्त गर्नुपर्छ। कुनै किसिमबाट छुट्याई दिएमा उक्त प्रोक्सी बदर गरिनेछ। यस सम्बन्धमा साधारण सभामा विवाद गर्न पाईने छैन।

५. संयुक्त रुपमा शेयर ग्रहण गर्ने शेयरधनीहरुको हकमा साझेदारहरुद्वारा नियुक्त साझेदारले वा निजले नियुक्त गरेको प्रतिनिधिले र सो बमोजिम नियुक्त हुन नसकेकोमा शेयरधनीहरुको दर्ता किताबमा नाम क्रमानुसार अघि लेखिएको साझेद्वारले मात्र सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न पाउनेछ।

६. नाबालक वा मानसिक सन्तुलन ठिक नभएका शेयरधनीको तर्फबाट कम्पनीको शेयरधनी दर्ता किताबमा संरक्षकको रुपमा दर्ता भएको संरक्षकले वा संरक्षकले नियुक्त गरेको प्रतिनिधिले सभामा भाग लिन तथा मतदान गर्न पाउनेछन् ।

७. संगठित संस्था वा कम्पनी शेयरधनी भएकोमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले सभामा भाग लिन र मतदान गर्न पाउनेछन् ।

८. विविध शीर्षक अन्तर्गत छलफल गर्न चाहने शेयरधनीले छलफल गर्न चाहेको विषय सभा हुनु भन्दा ७ दिन अगावै डेभलपमेन्ट बैंकको केन्द्रीय कार्यालय बालुवाटार, काठमाडौंमा लिखित रुपमा जानकारी गराउनुपर्नेछ । यसरी लिखित रुपमा पूर्व जानकारी नगराएको विषयमा सभामा छलफल तथा निर्णय गरिने छैन ।

९. शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी पुस्तिका सभा स्थलमा साधारण सभा हुने दिन विहान ०९:०० बजेदेखि नै खुल्ला गरिनेछ। साधारण सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा उपस्थित भई उक्त स्थानमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ।

१०. साधारण सभाको काम कारवाहीहरु कम्पनी ऐन २०६३, बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन २०७३ तथा डेभलपमेन्ट बैंकको प्रबन्धपत्र, नियमावली बमोजिम हुनेछन् ।

११. शान्ति सुरक्षाका कारण साधारण सभामा उपस्थित हुने शेयरधनी महानुभावहरुलाई यथासक्य झोला/ब्याग नल्याउनुहुन अनुरोध गरिन्छ । सभाको सुरक्षाका लागि खटिएका सुरक्षाकर्मीहरुले शेयरधनी महानुभावहरु लगायत सभाकक्षमा प्रवेश गर्ने सबैको झोला/ब्याग र शरीर जाँच गर्न सक्नेछन् ।

१२. साधारण सभा सम्बन्धी थप जानकारी डेभलपमेन्ट बैंकको केन्द्रीय कार्यालय बालुवाटार काठमाडौंबाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।

Shangri-la Development Bank Ltd.
Kathmandu, Nepal